# नगर शिक्षा विकास कोष संचालन कार्यविधि –२०७५

कार्यपालिकाबाट स्वीकृत मिति २०७५/१०/२६
प्रमाणिकरण मिति २०७५/११/०१

महाकाली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दार्चुला

**प्रस्तावना**

स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ३ को दफा ११ को उपदफा २ को खण्ड (ज) मा उल्लेखित आधारभुत र माध्यमिक शिक्षा सम्वन्धी अधिकारहरुको कार्यान्वयन गर्न र विद्यालयलाई सञ्चालन व्यवस्थापन तथा नियमन गरी शैक्षिक गुणस्तर अभिबृद्धि गर्न यस नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमन) गर्ने ऐन २०७४ को दफा ४ र महाकाली नगरपालिकाको शिक्षा नियमावली २०७५ को नियम ३७ ले दिएको अधिकार समेत कार्यान्वयन गर्ने गरी महाकाली नगरपालिकाले नगर शिक्षा विकास कोष सञ्चालन कार्यविधि, २०७५ जारी गरी लागु गरेको छ ।

## परिच्छेद १

## प्रारम्भिक

संक्षिप्त नाम र परिभाषा

१. संक्षिप्त नाम र प्रारम्भ (१) यो कार्यविधि को नाम नगर शिक्षा विकास कोष सञ्चालन कार्यविधि, २०७५ रहेको छ ।

२) यो कार्यविधि महाकाली नगरपालिका क्षेत्र भित्र लागु हुनेछ ।

३) यो कार्यविधि महाकाली नगरपालिकाको राजपत्रमा प्रकाशित भएको मिति देखि प्रारम्भ हुनेछ ।

२ परिभाषा: बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

क) “ऐन” भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७५ लाई सम्झनु पर्ने र सो शब्दले महाकाली नगरपालिकाको प्रशासनिक कार्यविधि नियमित गर्ने ऐन लाई समेत बुझाउनेछ ।

ख) “कार्यपालिका” भन्नाले महाकाली नगरपालिकाको नगरकार्यपालिकालाई सम्झनु पर्छ ।

ग) “नगरपालिका” भन्नाले नेपालको संविधान बमोजिम गठन भएको नगरपालिका सम्झनु पर्छ ।

घ) “शिक्षा अधिकृत” भन्नाले नगरपालिकाको शिक्षा शाखामा काम गर्न तोकीएको अधिकृतलाई सम्झनु पर्छ ।

ङ) “श्रोतव्यक्ति” भन्नाले विद्यालयको शैक्षिक गुणस्तर अभिबृद्धिका लागि प्राविधिक सहयोग गर्न तोकिएको व्यक्ति सम्झनु पर्छ ।

च) “प्रधानाध्यापक” भन्नाले कानुन बमोजिम नियुक्त विद्यालयको प्रधानाध्यापक सम्झनु पर्छ ।

छ) “नगर प्रमुख” भन्नाले नगरपालिकाको नगरप्रमुखलाई सम्झनु पर्छ ।

ज) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत लाई सम्झनु पर्छ ।

झ) "व्यवस्थापन समिति" भन्नाले प्रचलित कानुन बमोजिम गठन भएको विद्यालय व्यवस्थापन समिति सम्झनु पर्छ ।

ञ) "सामाजिक विकास समिति संयोजक" भन्नाले यस नगरपालिकाको सामाजिक विकास समितिको संयोजक लाई सम्झनु पर्छ ।

ट) "शिक्षा शाखा" भन्नाले नगरपालिकामा रहेको शिक्षा हेर्ने विभाग,शाखा वा इकाइलाई सम्झनु पर्छ ।

ठ) "शैक्षिक" सत्र भन्नाले विद्यालयमा अध्ययन अध्यापन गराईने बार्षिक समयावधि सम्झनु पर्छ ।

ड) "संस्थागत विद्यालय" भन्नाले निजि लगानीमा संचालन गर्ने गरी अनुमती पाई स्थापित विद्यालयलाई सम्झनु पर्छ ।

ढ) "अभिभावक" भन्नाले विद्यार्थीको बुबा आमा, बाजे बजै तथा निजको संरक्षण गर्ने व्यक्तिलाई सम्झनु पर्छ ।

ण) "कोष" भन्नाले यस कार्यविधिको दफा ३ बमोजिम स्थापना भएको नगर शिक्षा विकास कोष लाई सम्झनु पर्छ ।

## परिच्छेद -२

## कोषको स्थापना, उद्देश्य तथा प्रयोग

३. <u>कोषको स्थापना:</u> (१) यस महाकाली नगरपालिकामा शिक्षा विकास कोषको नामबाट एउटा कोष स्थापना गरिने छ ।

(२) उपदफा १ बमोजिम गठन हुने कोषमा देहाय बमोजिम स्रोतबाट रकम प्राप्त हुनेछ ।

(क) महाकाली नगरपालिकाबाट विद्यालयहरुमा शैक्षिक गुणस्तर सुधार गर्न विनियोजन गरिएको रकम ।

(ख) नगर पालिकाको शिक्षाको आन्तरिक आम्दानीबाट प्राप्त रकम ।

(ग) नेपाल सरकार, प्रदेश सरकार अन्य संघसंस्था, दातृ निकायहरुबाट प्राप्त रकम ।

(३) उक्त कोषको खाता संचालन स्थानीय तह संचालन ऐन २०७४ बमोजिम हुनेछ ।



२०७८/११/०१
नि. प्रमुख प्रशासकीय अधिकृत

४. कोषको उद्देश्य: यस कोषको उद्देश्य देहाय बमोजिम हुनेछः ।

(१) नगरपालिका भित्रका विद्यालयहरुमा गुणस्तर सुधारका लागि अन्तरक्रिया, गोष्ठी, सेमिनार संचालन गर्ने र बहुवर्षीय शैक्षिक सुधार गुरुयोजना निर्माण गर्ने ।

(२) आधारभूत तह तथा माध्यमिक तहका लागि स्थानीय पाठ्यक्रम निर्माण गर्ने ।

(३) विद्यालय संचालनमा एकरुपता कायम गर्न शैक्षिक कार्य पात्रो निर्माण गर्ने ।

(४) स्रोत केन्द्र तथा नगर स्तरीय अतिरिक्त क्रियाकलाप संचालन गर्ने ।

(५) शिक्षक तथा बाल शिक्षकहरुका लागि तालिम संचालन गर्ने ।

(६) विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघका पदाधिकारीहरुका लागि क्षमता विकास तालिम संचालन गर्ने ।

(७) लेखा व्यवस्थापन तालिम संचालन गर्ने ।

(८) शिक्षा दिवश, बाल दिवश लगायतका दिवश तथा समारोह आयोजना गर्ने ।

(९) उत्कृष्ट विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक, शिक्षक, विद्यार्थी, विद्यालय र कर्मचारीलाई उत्प्रेरित गर्न पुरस्कार एवं सम्मानको व्यवस्था गर्ने ।

(१०) विपन्न परिवारका लगनशील अध्ययनरत छात्र र छात्राहरुलाई छात्रवृतति प्रदान गर्ने ।

(११) शैक्षिक सामग्री अभाव रहेका विद्यालयहरुमा शैक्षिक सामग्री वितरण गर्ने ।

(१३) विद्यालयहरुको भौतिक व्यवस्थापनलाई सुदृढीकरण गर्ने ।

(१४) विद्यालय अनुगमन तथा सुपरिवेक्षण गर्ने ।

(१५) नगरपालिकाले आवश्यक ठानेका अन्य शैक्षिक कार्यक्रमहरु गर्ने ।

५. कोषको प्रयोग: यस कोषको प्रयोग देहाय बमोजिमका कार्यहरुमा हुनेछ:

(१) नगरपालिका भित्र संचालित सामुदायिक तथा संस्थागत विद्यालयहरुको गुणस्तर अभिबृद्धिका लागि समाजका विभिन्न तह, स्तरका व्यक्ति र व्यक्तित्वहरुसंग आवश्यक समन्वय, सहकार्य एवं सहयोगको आदान प्रदानका साथै विभिन्न समयमा अन्तर्किया, छलफल, गोष्ठि, सेमिनार आदिको आयोजना गरी सुझाव संकलन गरिने छ ।



२०७५।११।०१
नि. प्रमुख प्रशासकीय अधिकृत

(२) अधारभूत तह कक्षा (१–८) मा पाठ्यक्रम विकास केन्द्रले सामाजिक तथा सिर्जनात्मक कला र स्वास्थ्य शारीरिक शिक्षा विषयमा ८० प्रतिशतको मात्र पाठ्यक्रम निर्धारण गरेको र स्थानीय आवश्यकता अनुसार २० प्रतिशत स्थानीय विषयवस्तुको पाठ्यक्रम तय गरी अध्यापन गराउनु पर्ने व्यवस्था भए अनुरुप पाठ्क्रम निर्माणका लागि आवश्यक समिति, उपसमिति गठन गरी नगरपालिकाले स्थानीय आवश्यकताको आधारमा पाठ्यक्रम तयार गर्न सक्नेछ । यो स्थानीय पाठ्यक्रम २०७६ साल देखि कक्षा ४ मा लागु गरिनेछ भने स्थानीय आवश्यकताका आधारमा क्रमश: अन्य कक्षाहरुका लागि पनि स्थानीय पाठ्यक्रम निर्माण गरी लागु गर्न सक्नेछ ।

(३) नगर क्षेत्र भित्रका विद्यालयहरुमा अध्यापन गर्ने समयावधि, विदा, विद्यालय संचालन हुने समय र परीक्षा संचालनमा एकरुपता कायम गर्न नगरपालिकाको वार्षिक शैक्षिक क्यालेण्डर निर्माण गरी लागू गरिनेछ । नगरपालिकाले क्यालेण्डर निमाृणका लागि आवश्यक समिति, उपसमिति गठन गरी जिम्मेवारी दिन सक्नेछ । यसरी निर्माण गरिएको क्यालेण्डर शैक्षिक सत्रको प्रारम्भमा नै विद्यालयलाई उपलब्ध गराउनु पर्नेछ ।

(४) विद्यालयहरुमा अध्ययनरत बालबालिकाहरुको बौद्धिक, शारीरिक र संवेगात्मक विकास गर्न नगर स्तरीय अतिरिक्त कियाकलाप वर्षमा एक पटक र स्रोतकेन्द्र स्तरमा दुई पटक संचालन गरिने छ ।

(५) नगरपालिका भित्र संचालित सामुदायिक विद्यालय र बालविकास केन्द्रहरुमा कार्यरत शिक्षक तथा बाल शिक्षकहरुलाई आवश्यकता र मागका आधारमा अल्पकालीन पुनर्ताजगी तालिम संचालन गरिने छ ।

(६) विद्यालयको व्यवस्थापकीय पक्ष सुदृढ गर्न विद्यालय संचालनमा स्थानीय सरोकारवालाहरुको अहम् भूमिका रहने हुँदा विद्यालय व्यवस्थापन समिति/शिक्षक अभिभावक संघका पदाधिकारीहरु लगायत अभिभावकहरुमा शैक्षिक जनचेतना अभिवृद्धि गर्न अभिभावक अभिमुखिकरण जस्ता कार्यक्रमहरु संचालन गरिने छ ।

(७) विद्यालयमा प्राप्त हुने अनुदान लगायत विद्यालयको आर्थिक अभिलेखहरुलाई पारदर्शी एवं चुस्त र दुरुस्त श्रेस्तामा एक रुपता ल्याउन विद्यालयका प्रधानाध्यापक र विद्यालयमा लेखा सम्बन्धी काम गर्न तोकिएका शिक्षक कर्मचारीहरुका लागि लेखा व्यवस्थापन तालिम संचालन गरिने छ ।

(८) शिक्षा सित सम्बन्धित राष्ट्रिय तथा अर्न्तराष्ट्रिय दिवश, समारोह लगायतका दिवशका कार्यक्रमहरु संचालन गरिनेछन् ।

(९) नगरपालिका क्षेत्र भित्र संचालित सामुदायिक विद्यालयहरुमा कार्यरत उत्कृष्ट प्रधानाध्यापक/शिक्षक/कर्मचारी/विद्यार्थी/विद्यालय व्यवस्थापन समिति र शिक्षक, अभिभावक संघका पदाधिकारीका साथै उत्कृष्ट विद्यालय समेतलाई अनुसूचि १, २, ३ र ४ को मापदण्डका आधारमा प्रोत्साहन स्वरुप पुरस्कार र सम्मान प्रदान गरिने छ ।



०७५/११/०१

नि. प्रमुख प्रशासकीय अधिकृत

(१०) नगरपालिका क्षेत्र भित्र संचालित सामुदायिक विद्यालयहरुमा अध्ययनरत टुहुरा तथा अतिविपन्न परिवारका जेहेन्दार बालबालिकाहरुको अध्ययन कार्यलाई टेवा पुऱ्याउने हेतुले तोकिएको मापदण्डका आधारमा छात्रवृति प्रदान गरिनेछ ।

(११) विद्यालय तहमा शैक्षिक गुणस्तर अभिवृद्धि गर्न पाठ्यक्रमले तोकेको न्यूनतम् शैक्षिक सामग्रीको अभावमा शैक्षिक कियाकलाप संचालनमा प्रतिकूल प्रभाव परेका विद्यालय/बालविकास केन्द्रहरुलाई शैक्षिक सामग्री प्रदान तथा निर्माण र प्रयोगका लागि आवश्यक तालिम समेत प्रदान गरिनेछ ।

(१२) नगरपालिका क्षेत्र भित्र संचालित सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर बढाउन भौतिक सुविधाहरुको महत्वपूर्ण भूमिका रहने हुँदा भौतिक अवस्था कमजोर भएका विद्यालयहरुमा आवश्यकताको आधारमा विद्यालय भवन, फर्निचर, शौचालय, खानेपानी, घेरपर्खाल, खेलमैदान र प्रयोगशालाहरु निर्माण तथा मर्मत कार्य संचालन गरिनेछन् ।

(१३) नगरपालिका क्षेत्र भित्रका सामुदायिक/संस्थागत विद्यालयहरुलाई प्राविधिक सहयोगका प्रदान गर्नका साथै विद्यालयहरुमा संचालित कियाकलापहरु नियमपूर्वक संचालन भए नभएको प्रत्यक्ष रुपमा अनुगमन गर्न सामाजिक विकास समितिका संयोजकको संयोजकत्वमा शिक्षा शाखा प्रमुख र स्रोतव्यक्तिहरुको अनुगमन टोली बनाई नियमित रुपमा अनुगमन गरिनेछ ।

(१४) सामुदायिक विद्यालयहरुमा शैक्षिक गुणस्तर सुधार गर्न शिक्षामा आधुनिक सूचना तथा संचार प्रणाली (ICT) को प्रयोग गर्न साधन सहित प्रोत्साहन गरिनेछ ।

(१५) यस महाकाली नगरपालिकालाई शैक्षिक नगरीकोरुपमा विकास गर्न बहुवर्षीय गुरुयोजना तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।

## परिच्छेद -३

## कोष संचालन प्रक्रिया

७. कोषले संचालन गर्ने कार्यक्रम कार्यान्वयनको प्रक्रिया देहाय बमोजिम हुनेछः–

(१) यसमहाकाली नगरपालिका भित्रका प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, स्थानीय बुद्धिजीवीहरु र विद्यार्थीहरुलाई वडाको केन्द्र विद्यालयमा भेला गराई विद्यालयहरुको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न आवश्यक सुझाव संकलन तथा अन्तरकिया कार्यक्रम संचालन गरिने छ । सहभागीहरुबाट लिखित मौखिक रुपमा सुझावहरु संकलित गरिने छन् । सुझाव संकलन गर्न महाकाली नगरपालिकाका पदाधिकारी, सम्बन्धित वडाका वडाध्यक्ष, शिक्षा शाखाका स्रोतव्यक्तिहरुको समेत सहभागिता रहने छ । सबै वडाबाट संकलित सुझावहरु सामाजिक विकास समितिको बैठकबाट स्रोतव्यक्ति, प्रधानाध्यापक तथा शिक्षकहरुबाट वर्गीकरण गर्न लागाइ क्षेत्रगतरुपमा समष्टिगत गर्न लागाइने छ ।



०७५।११।०१
नि. प्रमुख प्रशासकीय अधिकृत

(२) अनुगमान समितिबाट प्राप्त सुझावहरुको विश्लेषण तथा वर्गीकरणबाट तत्काल गर्नु पर्ने कार्य र दीर्घकालीन रुपमा संचालन गर्नु पर्ने कार्यहरु छुट्याइ तत्काल कार्यान्वयन गर्नु पर्ने कार्यहरु यसै आ.ब.मा संचालन गर्ने र दीर्घकालीन कार्यकमहरु गुरुयोजना अनुसार संचालन गरिने छन् ।

(३) विद्यालयहरुका शैक्षिक कार्यकमहरुमा एकरुपता कायम गर्न शैक्षिक कार्य–पात्रो निर्माण गर्न स्रोतव्यक्तिको संयोजकत्वमा विद्यालयहरुका प्रधानाध्यापक र शिक्षकहरुको सहभागितामा साझा क्यालेण्डर निर्माण गरी सबै विद्यालयहरुमा वितरण तथा कार्यान्वयन गराइने छ ।

(४) सामाजिक वकास समितिको बैठकको निर्णयानुसार अधारभूत तह कक्षा (१–५) मा पाठ्यक्रम विकास केन्द्रले सामाजिक तथा सिर्जनात्मक कला र स्वास्थ्य शारीरिक शिक्षा विषयमा ८० प्रतिशत को मात्र पाठ्यक्रम निर्धारण गरेको र स्थानीय आवश्यकता अनुसार २० प्रतिशत स्थानीय विषयवस्तु को पाठ्क्रम तय गरी अध्यापन गराउनु पर्ने व्यवस्था भए अनुरुप यस महाकाली नगरपालिकाले स्थानीय आवश्यकताको आधारमा पाठ्यक्रम तयार गर्नलगाइने छ । यो स्थानीय पाठ्यक्रम २०७६ साल देखि कक्षा ४ मा लागु गरिने छ ।

(५) नगरपालिका भित्रका स्रोतकेन्द्रहरुमा विद्यालयहरुको सहभागितामा छात्र/छात्राहरुको अतिरिक्त क्रियाकलापहरु वर्षको दुई पटक संचालन गरिने छ र यी अतिरिक्त क्रियाकलापहरुका विभिन्न विधामा उत्कृष्ट छात्र/छात्राहरुको सहभागितामा वर्षको एक पटक नगर स्तरीय अतिरिक्त क्रियाकलापको आयोजना गरिने छ। यसका साथै नगरपालिका स्तरीय प्रतिभा पहिचान प्रतियोगिता र शैक्षिक मेला–प्रदर्शनी आयोजना गरिनेछ ।

(६) नगरपालिका भित्र संचालित सामुदायिक विद्यालय र बालविकास केन्द्रहरुमा कार्यरत शिक्षक तथा बाल शिक्षकहरुलाई आवश्यकता र मागका आधारमा अल्पकालीन पुनर्ताजगी तालिम संचालन गरिने छ । यी तालिमहरु एकीकृत र विषयगतरुपमा संचालन हुनेछन् ।

(७) सामुदायिक विद्यालयका विद्यालय व्यवस्थापन समितिका पदाधिकारी र शिक्षक अभिभावक संघका पदाधिकारीहरु र अभिभावकहरुको सहभागितामा छोटो अवधिको क्षमता अभिवृद्धि तालिमको आयोजना गरिने छ ।

(८) विद्यालयको आर्थिक अभिलेख व्यवस्थापन तथा पारदर्शिताका लागि प्रधानाध्यापक र लेखाका कर्मचारीहरुलाई लेखाव्यवस्थापन तालिम प्रदान गरिनेछ ।

(९) नगरपालिका भित्रका सबै विद्यालयहरुको सहभागितामा राष्ट्रिय शिक्षा तथा अन्तर्राष्ट्रिय साक्षरता दिवश र बाल दिवश मनाइने छन् । उक्त दिवश समारोहमा विद्यालय शिक्षा क्षेत्रमा उत्कृष्टता हासिल गरेका संस्था, महानुभावहरुलाई पुरस्कार र सम्मान वितरण गरिने छ ।



सि.प्रतुप प्रमाणित अधिकृत

(१०) यस महाकाली नगरपालिका भित्रका सबै वडाहरुमा संचालित विद्यालयहरु मध्ये आधारभूत तहको एक र माध्यमिक तहको एक विद्यालयलाई मापदण्डका आधारमा वडाको नमुना विद्यालय छनौट गरी आवश्यक थप पूर्वाधार विकासको एवं कमिक रुपमा सुधार गरिने छ ।

(११) नगरपालिका भित्र संचालित सबै प्रकारका विद्यालयहरुको नियमित रुपमा संचालनमा रहे नरहेको बुझ्न र शैक्षिक सुधारका लागि सुझाव दिइ कार्यान्वयन गर्न गराउन विद्यालयहरुको नियमित अनुगमन/सुपरिवेक्षण गरिनेछ ।

(१२) नगरपालिका क्षेत्र भित्र संचालित सामुदायिक विद्यालयहरु व्यवस्थित गर्न आवश्यक पूर्वाधारहरुमा, भवन निर्माण, कक्षाकोठा थप, शौचालय, घेरबार, खेलमैदान खानेपानी, बालउद्यान, फर्निचर निर्माण, सूचना तथा संचारको व्यवस्थापन, विज्ञान प्रयोगशाला लगायतका भौतिक सुविधा विस्तारका कार्यक्रम संचालन गरिने छ ।

(१३) नगरपालिका क्षेत्र भित्र संचालित सामुदायिक विद्यालयहरुको कक्षा दोहर्‍याउने दर घटाउने, ड्रपआउट न्यूनीकरण गर्न सबै विद्यालय उमेरका बालबालिकाहरुलाई शिक्षाको मूलधारमा ल्याइ टिकाइ राख्न गरिव, विपन्न परिवारका र टुहुरा बालबालिकाहरुलाई छात्रवृत्ति उपलब्ध गराइनेछ ।

(१४) नगरपालिका क्षेत्र भित्र संचालित सामुदायिक विद्यालयहरुलाई समय सापेक्ष सवलीकरण गरी शैक्षणिक कियाकलाप गर्न आवश्यक पर्ने न्यूनतम् शैक्षिक सामग्री उपलब्ध गराइने छ र यस कार्यकममा बालविकास केन्द्रहरुलाई प्राथमिकता दिइनेछ ।

## परिच्छेद-४

## आर्थिक व्यवस्थापन

८. <u>कोषको परिचालन र खर्च सम्बन्धी व्यवस्था–</u>

(१) कोषको रकम खर्च गर्ने प्रक्रिया देहाय बमोजिम हुनेछ ।

(क) कोषको रकम खर्च गर्न सामाजिक विकास समितिले स्वीकृत गरे बमोजिमको बजेट शीर्षक एवं कार्यकमहरुमा खर्च गरिने छ र यस कोषको लेखा प्रणाली प्रचलित कानून बमोजिम हुनेछ ।

(ख) कोषको उद्देश्य बमोजिम कार्यकम संचालन गर्न सरकारी, गैरसरकारी तथा दातृनिकायहरुबाट स्रोत उपलब्ध भएमा सो रकम वा सामग्रीको श्रेष्ता सो उद्देश्य र प्रयोजन खुल्ने गरी भिभिलेखीकरण गरिने छ ।

(ग) कोषमा जम्मा भएको रकम कोषको उद्देश्य विपरित रकमान्तर गर्न तथा निर्णय भएको शीर्षक वाहेक अन्यत्र खर्च गर्न पाइने छैन ।

(घ) कोषको सम्पूर्ण आर्थिक कारोबार तथा खर्चको हिसाब प्रत्येक त्रैमासिकमा तोकिए बमोजिमको ढाँचामा सार्वजनिक गरिनेछ ।

परिच्छेद -५

विविध

(९) सामाजिक विकास समितिले कोषको उद्देश्य हासिल हुने प्रकृतिका कार्यक्रम संचालन गर्न कार्ययोजना सहितको प्रस्ताव पेश गर्ने संघ/संस्थाहरुको प्रस्ताव स्वीकृत गरी कोषको व्यवस्थापन गर्नेछ ।

(१०) कोषको उद्देश्य हासिल गर्न शैक्षिक कार्यक्रम संचालन गर्ने संस्था तथा तालिम दिने निकाय बीच समन्वय तथा सहकार्य गरी कार्यक्रम संचालन गर्न सकिनेछ ।

(११) नगरपालिका अन्तरगतको शिक्षा शाखाले कोषको उद्देश्य अनुरुप संचालन गरिने क्रियाकलापहरुको आवश्यकता अनुसार मापदण्ड तयार गरी सामाजिक विकास समितिबाट पारित भए अनुसारको प्रगति प्रतिवेदन त्रैमासिक रुपमा तयार गरी छलफलका लागि समितिमा पेश गर्ने र समितिले नियमानुसार कार्यपालिमा पेश गर्नेछ ।

(१२) **संशोधन तथा थपघट** यस कार्यविधिमा संशोधन तथा हेरफेर गर्न वान्छनीय भएमा नगरकार्यपालिकाले संशोधन तथा हेरफेर गर्न सक्नेछ ।

(१३) यो कार्यविधि कार्यान्वयनमा कुनै वाधा अडकाउ पर्न आएमा वा यो कार्यविधिमा उल्लेख नभएको विषयका सम्बन्धमा कुर्न व्यवस्था गर्न आवश्यक परेमा नगर कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ ।

(१४) **बचाउ तथा खारेजी:** यो कार्यविधि लागु हुन पूर्व सामाजिक विकास समिति/नगरपालिकाबाट भए गरेका कामहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिने छ ।

०७५।११।०५

प्रमुख प्रशासकीय अधिकृत

अनुसूचीः-१

उत्कृष्ट प्रधानाध्यापक छनौटका लागि प्रयोग हुने सूचकहरु

| सूचक न. | सूचकको नाम | सूचकको पुर्णाङ्क |
|---|---|---|
| १ | बार्षिक योजनाको निर्माण र प्रयोग | ५ |
| २ | दैनिक कार्य योजना निर्माण र प्रयोग गरे गराएको | ३ |
| ३ | शिक्षक बैठक बसी शैक्षिक सुधारका लागी निर्णय गरी कार्यान्वयन गरेको | ६ |
| ४ | बि.व्य.स.बैठक बसी शैक्षिंक सुधारका लागी निर्णय गरी कार्यान्वयन गरेको | ६ |
| ५ | विद्यालयको आयोजनामा शिक्षकलाई क्षमता बिकास तालीम श्रोत कक्षा संञ्चालन गरेको | ३ |
| ६ | प्र.अ. बाट शिक्षकको कक्षा शिक्षणको सुपरिबेक्षण गरेको पृष्ठपोषण दिएको | ५ |
| ७ | शिक्षक अभिभावक संघको बैठक बसाई शैक्षिक सुधारका लागि निर्णय गराई कार्यान्वयन गरे गराएको | ३ |
| ८ | परिक्षाफलको बिश्लेशण गरी गराई पृष्ठपोषण गरे गराएको | ५ |
| ९ | विद्यालयको बार्षिक दिवसमा अघिल्लो बर्षको सिकाई उपलव्धिमा औसतमा सर्वोत्तम अंक ल्याउने शिक्षकलाई सम्मान/पुरस्कार र सिकाई उपलव्धी औसतमा न्यनतम अंक ल्याउने शिक्षकलाई चेतावनी सहित सुधारका लागी पृष्ठपोषण दिएको | ३ |
| १० | तोकिएको ढाचाँ र समयमा सामाजिक परीक्षण गरी अभिभावक भेलामा प्रस्तुत गरिएको | ३ |
| ११ | सुशासन र पारदर्शिता कायम गरे गराएको | ३ |
| १२ | अभिलेख व्यवस्थापन गरेको | ३ |
| १३ | लेखा परीक्षण गरे गराएको | २ |
| १४ | बेरुजु फर्छयौट गरे गराएको | २ |
| १५ | विद्यालय हाता सफा र स्वच्छ बनाएको | ५ |
| १६ | विद्यालय सुधार योजनाको कार्यान्वयन गरेको | ५ |
| १७ | विद्यालय खुलेको दिनको ९० प्रतिशत उपस्थिति | ५ |



०७५/११/०७

नि.प्रमुख प्रशासकीय अधिकृत

| सूचक न. | सूचकको नाम | सूचकको पुर्णाङ्क |
|---|---|---|
| १८ | सिकाई आदान प्रदान गरेको | २ |
| १९ | विद्यालयको औसत सिकाई उपलव्धी मापन गरी लक्ष्य हासिल गरेको | २५ |
| २० | सेवा क्षेत्रभित्रको सामुदायीक सचेतनामुलक कार्यक्रम सञ्चालन गरेको | २ |
| २१ | बार्षिकरुपमा विद्यालयमा एक पटक विद्यार्थीको स्वास्थ्य परीक्षण गरे गराएको | २ |
| २२ | विद्यालयमा पुस्तकालय व्यवस्थापन र प्रयोग गरेको गराएको | २ |
| जम्मा | | १०० |

यस प्रयोजनको पूर्णताका लागि देहायको थप मूल्यांकन गरिनेछः-

१.विद्यालय व्यवस्थापन समितिको मूल्यांकन १० अंक

२. विद्यालय निरीक्षकको मूल्यांकन २० अंक

३. सामाजिक विकास समितिले गरेको मूल्यांकन २० अंक

उत्कृष्ठ प्रधानाध्यापक छनौटका लागि माथि उल्लेखित स्वमूल्याङ्कनका आधारमा १०० अंक र वि.व्य.स.को मूल्याङ्कन १० अंक, सम्बन्धित क्षेत्रको विद्यालय निरीक्षकको २० अंक र सामाजिक विकास समितिको मूल्याङ्कन २० अंक गरी जम्मा १५० अंकका आधारमा गरिने छ ।

अनुसूची:-२

उत्कृष्ट शिक्षक छनौटका लागि प्रयोग हुने सूचकहरु

| सूचक नं. | सूचकको नाम | सूचकको पुर्णाङक |
|---|---|---|
| १ | बार्षिक शैक्षणिक योजनाको निर्माण र प्रयोग गरेको | १० |
| २ | प्रत्येक शिक्षकद्धारा दैनिक पाठयोजनाको निर्माण र प्रयोग गरेको | १० |
| ३ | शैक्षिक सामग्री प्रयोग गरेको (शिक्षण सिकाईमा) | ५ |
| ४ | छलफल र अन्तरक्रियात्मक शिक्षण गरेको | ५ |
| ५ | बैयक्तिक भिन्नतामा आधारित सहयोगात्मक शिक्षण गरेको | ५ |
| ६ | गृहकार्य दिएको,जाचेको र पृष्ठपोषण गरेको | १० |
| ७ | शिक्षणमा नियमित पुनर्वल (प्रोत्साहन, हौसला ) प्रयोग गरेको | २ |
| ८ | बिगत १ बर्षमा कार्यमुलक अनुसंधान गरेको | ३ |
| ९ | शिक्षण सुधार योजना कार्यान्वयन गरेको | ५ |
| १० | प्रश्न पत्र निर्माणमा बिशिष्ठिकरण तालीकाको प्रयोग गरेको | ५ |
| ११ | उत्तरकुन्जीका निमार्णमा गरी सो का आधारमा उत्तर पुस्तिका परीक्षण गरेको | ५ |
| १२ | परिक्षाको नतिजा प्रकाशन गर्दा बिद्यार्थी अभिभावकलाई जानकारी दिई लव्धाङक पत्र बितरण गरेको | ५ |
| १३ | विद्यालयका अन्य क्रियाकलापमा सहयोग गरेको | २ |
| १४ | विद्यालय खुलेको दिनको ८५ प्रतिशत वा सो भन्दा बढि दिन विद्यालयमा उपस्थित भएको | ३ |
| १५ | सिकाई उपलव्धी मापन | २५ |
| १६ | विद्यार्थी दैनिक उपस्थिति अध्यावधिक गरेको | ५ |
| जम्मा | | १०० |

यस प्रयोजनको पूर्णताका लागि देहायको थप मूल्यांकन गरिनेछः-

१.विद्यालय व्यवस्थापन समितिको मूल्यांकन १० अंक

२. विद्यालय निरीक्षकको मूल्यांकन २० अंक

३. सामाजिक विकास समितिले गरेको मूल्यांकन २० अंक

उत्कृष्ट शिक्षक छनौटका लागि माथि उल्लेखित स्वमूल्यांकन का आधारमा १०० अंक र वि.व्य.स.को मूल्यांकन १० अंक, सम्बन्धित क्षेत्रको विद्यालय निरीक्षकको २० अंक र सामाजिक विकास समितिको मूल्यांकन २० अंक गरी जम्मा १५० अंकका आधारमा गरिने छ ।

०८५।११।०५

प्रमुख प्रशासकीय अधिकृत

अनुसुची –३

विद्यार्थी छनौटका सूचकहरु

| सूचक | सूचकको विवरण | पूर्णांक | प्राप्तांक |
|---|---|---|---|
| १ | विद्यार्थी नियमितता | १० | |
| २ | अनुशासित/ आज्ञाकारी | ५+५ | |
| ३ | मिलनसार/ मिहिनेती | ५+५ | |
| ४ | गृहकार्य/कक्षाकार्य/परियोना कार्य | ५+५+५ | |
| ५ | व्यक्तिगत सरसफाइ | ५ | |
| ६ | विद्यालयबाट संचालित कार्यक्रमहरुमा सहभागिता | १० | |
| ७ | शैक्षिक उपलब्धी (तल्लो कक्षाको) | १० | |
| ८ | नगरपालिका/जिल्ला स्तरीय प्रतयोगिताहरुमा सहभागिता | ५+५ | |
| ९ | सामाजिक कुरीति, अन्धविश्वास हटाउन स्वयं र साथीहरु बीच सहकार्य/सहयोग | ५+५ | |
| १० | समुदाय/अन्य स्थानमा साहसिक कार्य गरेको | ५+५ | |

१. उपरोक्त सूचकका आधारमा छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थी अनुशासित भएको भनी विद्यालयले सिफारिश गरेको हुनुपर्ने छ ।

२. SEE वा कक्षा १२ मा ३.७५ GPA भन्दा माथि सबैभन्दा बढी GPA प्राप्त गर्ने एक जना छात्र र एक जना छात्रालाईवार्षिक २५ हजारका दरले छात्रवृत्ति प्रदान गरिने छ ।

३. नगरपालिकाले विपन्न भनी पहिचान गरेको विद्यार्थीको हकमा ३.७५ GPA वा ८५ प्रतिशत अंक भन्दा वा सो भन्दा बढी GPA प्राप्त गरेमा नगरकार्यपालिकाको निर्णय अनुसार छात्रवृत्ति प्रदान गरिनेछ ।

४. उत्कृष्ट विद्यार्थी पुरस्कारः नगरपालिका क्षेत्र भित्र संचालित विद्यालयमा अध्ययनरत भइ कक्षा ५ कक्षा ८ कक्षा १० र कक्षा १२ मा नगरक्षेत्र भरीमै सबै भन्दा बढी GPA वा अंक प्राप्त गर्ने एक जना छात्र र एक जना छात्रालाई वार्षिक रु ५ हजारका दरले नगद पुरस्कार सहित सम्मान पत्र प्रदान गरिनेछ ।

अनुसुची –४

उत्कृष्ठ विद्यालय छनौटका मापदण्डहरु

| सि.नं. | सूचकहरु | पूर्णाङ्क | प्रप्ताङ्क |
|---|---|---|---|
| १ | विद्यालय प्रतिको आकर्षण एवं विश्वास र विद्यार्थी संख्या | १० | |
| २ | भौतिक पूर्वाधार– फर्निचर लगायतका सामग्रीहरुको संरक्षण र व्यवस्थापन | ५ | |
| ३ | सरसफाई (विद्यालय परिसर,कक्षाकोठा,विद्यार्थी, शिक्षक ) | १० | |
| ४ | शिक्षक तथा विद्यार्थीहरुमा अनुशासन/शिष्टाचार | १० | |
| ५ | सामाजिक कार्यहरुमा विद्यालयले खेलेको भूमिका | १० | |
| ६ | अनुकरणीय असल अभ्यासहरु | १० | |
| ७ | एस.ई.ई., कक्षा ८, कक्षा ५ र कक्षा ३ को औसत उपलब्धि | १० | |
| ८ | अभिभावक अभिमुखिकरण | ५ | |
| ९ | कक्षाकोठा, कार्यालय र ल्याबहरुको व्यवस्थापन | १० | |
| १० | विद्यालय हाताको सौन्दयीकरण | ५ | |
| ११ | शैक्षिक सामग्रीहरुको निर्माण, व्यवसथापन तथा नियमित प्रयोग | १० | |
| १२ | व्यवहारिक शिक्षण सिकाई | ५ | |
| | जम्मा | १०० | |

माथि उल्लेखित उत्कृष्ठ विद्यालय छनौटका आधारमा देहाय अनुसार कुनै एक विद्यालयलाई पुरस्कार रकम प्रदान गरिनेछ ।

| सि.नं. | विद्यालयहरुको प्रकार | नगद पुरस्कार रु |
|---|---|---|
| १ | कक्षा १–३ संचालित | १०००० |
| २ | कक्षा १–५ संचालित | १५००० |
| ३ | कक्षा १–८ संचालित | २०००० |
| ४ | कक्षा १–१० संचालित | २५००० |
| ५ | कक्षा ६–१० संचालित | २५००० |
| ६ | कक्षा १–१२ संचालित | ३०००० |